नयाँ पत्रिका २०७७/०८/२९ सोमबार

# सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको

## १० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७७/८/२६ मा बसेको सञ्चालक समितिको २०८औं बैठकको निर्णय अनुसार यस कम्पनीको १० औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा बसी निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गरिएको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि महामारीको रुपमा फैलिइरहेको परिप्रेक्षमा नेपाल सरकारले जारी गरेका सुरक्षा मापदण्डहरुको समेत पूर्ण पालना गरी सभा संचालन गर्नुपर्ने अवस्था भएकोले यस्तो विशेष परिस्थितिलाई मध्यनजर गरी साधारण सभामा उपस्थित हुन तथा भाग लिनको लागि बिद्युतिय माध्यम (भर्चुअल -Google Meet) बाट समेत सभामा भाग लिन सकिने व्यवस्था मिलाईएको हुँदा बिद्युतिय माध्यमबाट उपस्थित भई सभामा भाग लिई दिनु हुन पनि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :** (Virtual- Google meet/Online मार्फत सञ्चालन गरिने ।)

मिति : २०७७ साल पौष २४ गते (तद्अनुसार ई.सं. २०२१ जनवरी ८)

समय : विहान ११:०० बजे ।

स्थान : साधारण सभा चिलिमे जलविद्युत कम्पनी लिमिटेडको रजिष्ट्रर्ड कार्यालय, धुम्बाराही काठमाडौंको सभाकक्षबाट सञ्चालन हुनेछ ।
(बिद्युतिय माध्यमबाट सभामा भाग लिन शेयरधनीहरुलाई Meeting Id र Password उपलब्ध गराइनेछ)

**साधारण सभामा छलफल गरिने विषयहरुको सुची**

क) सञ्चालक समितिको तर्फबाट तयार गरिएको आ.ब. २०७६।७७ को वार्षिक प्रतिवेदन सञ्चालक समितिका अध्यक्षद्धारा प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरिक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्त सम्मको वासलात र आ.ब. २०७६।७७ को नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तनको विवरण तथा लगायतका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) आ.ब. २०७७।७८ को लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि महाँमारीको रुपमा फैलिई रहेको र यसको रोकथाम र नियन्त्रण गर्ने प्रयोजनको लागि नेपाल सरकारले विभिन्न सुरक्षा मापदण्डहरु निर्धारण गरी त्यसको पूर्ण पालना गर्न गराउन सूचित गरिरहेको परिप्रेक्षमा साधारण सभा सञ्चालन गर्दा विशेष सुरक्षाको व्यवस्था गर्नु पर्ने भएको छ । अत: यस विशेष परिस्थितिका कारणले साधारण सभामा उपस्थित हुन तथा भाग लिनको लागि बिद्युतिय माध्यम (भर्चुअल- Google Meet/Online) बाट समेत सभामा भाग लिन सकिने व्यवस्था मिलाईएको हुँदा बिद्युतिय माध्यमबाट साधारण सभामा भाग लिई दिनु हुन शेयरधनी महानुभावहरुमा सादर अनुरोध गरिएको छ । बिद्युतिय माध्यमबाट भएको उपस्थितिलाई सभास्थलमा उपस्थित भए सरह मान्यता हुने व्यवस्था गरिएको हुँदा कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न र बचाउन अनलाईन (भर्चुअल- Google Meet/Online) बिद्युतिय माध्यमबाट उपस्थित भई सभा सञ्चालन गर्न सहयोग गरिदिनु हुन सबै शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध छ । साधारण सभा शुरु हुनुभन्दा एक घण्टा अगावै देखि virtual meeting मा Join हुन सकिने गरी खुल्ला गरिनेछ ।

(२) साधारण सभामा भाग लिन Meeting ID र Password को निमित्त कम्पनीको इमेल **sanjenhcl@gmail.com** मा समयमै इमेल मार्फत सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीहरुको पहिचान verification गरी ID र Password पठाउन प्राविधिक कठिनाई पर्न सक्ने भएकोले समयमा नै सम्पर्क गरी कम्तिमा एक दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै शेयरधनीले उपलब्ध गराउनु भएको सोही email address मा वार्षिक साधारण सभाको प्रतिवेदन समेत पठाइने व्यहोरा अनुरोध छ ।

(३) वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०७७/९/१७ देखि मिति २०७७/९/२४ सम्म यस कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/९/१६ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका सेयर रजिष्ट्रार श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौमा प्राप्त सेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता कितावमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न, मतदान गर्न सक्ने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

(४) आफनो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै बिहान १० बजे देखि दिनको ४ बजे भित्र sanjenhcl@gmail.com मा इमेल गरी वा कम्पनी सचिवलाई सम्पर्क गरी आफनो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ र त्यसरी सम्पर्क गर्नु हुने शेयरधनी महानुभावहरुलाई सभामा मन्तव्य राख्न Meeting Id र Password उपलब्ध गराइनेछ ।

(५) कम्पनीको शेयरधनी दर्ता कितावमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत बिद्युतिय माध्यम (virtual- Google meet) बाट सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता कितावमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

(६) संयुक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता कितावमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

(७) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । तर संगठित संस्थाले करार गर्न योग्य जुनसुकै व्यक्तिलाई प्रतिनिधी मुकरर गर्न सक्नेछ ।

(८) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौमा Email मार्फत बुझाई सक्नु पर्नेछ ।

(९) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा शुरु हुन भन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौमा दिनुपर्नेछ । नयाँ प्रतिनिधिको हकमा दफा ७ र ८ बमोजिम हुनेछ ।

(१०) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ९ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

(११) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौमा बुझाई सक्नुपर्नेछ ।

(१२) विविध शीर्षक अन्तर्गत प्रस्ताव राख्न चाहने शेयरधनीले आफूले प्रस्ताव गर्न चाहेको विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको महाराजगन्ज, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

**द्रष्टव्य:** वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची यस कम्पनीको वेबसाइट www.sjcl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।